# जैमिनी नगरपालिका

## स्थानीय राजपत्र

**भाग-२, खण्ड-४, संख्या-४**

**चैत्र ९, २०७७**

# जैमिनी नगरपालिका नगर प्रमुख पशु परियोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७७

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७७/१२/९**

**प्रस्तावना ः**

परम्परागत एकल र व्यक्तिगत पशुपालन व्यवसायमा आधुनिक र उन्तत प्रविधिको विकास गर्दै जग्गाको चक्लावन्दी गरी वेरोजगार युवा तथा सक्रिय कृषकहरुको सक्रियतामा पशु पल्टन मार्फत सामूहिक पशुपालन गरी दुध , मासु, र अण्डामा आत्मनिर्भर वन्नुका साथै उत्पादनमा वृद्धि गरी आर्थिक विकासमा टेवा पुर्याउन जैमिनि नगरपालिका र कृषि पल्टनको लागत साझेदारीमा जैमिनी नगरपालिकामा उत्पादन हुने पशुउपजलाई विशिष्टिकृत गर्दै सहज र सरल बजारको ब्यवस्थापन गरी पल्टनवाट उत्पादित वस्तुहरुको सहज वजारीकरण गरी कृषकको मनोवल उच्च राख्दै समृद्ध जैमिनी र सुखी जैमिनीवासी वनाउनेउद्देश्यले नगर सभावाट विनियोजित वजेटको कार्यान्वयनको लागि नगर प्रमुख पशु परियोजना संचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि वनाउन आवस्यक भएकोलेजैमिनि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम जैमिनि नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**५। संक्षिप्त नाम र प्रारम्भः**

**ग०** यस कार्यविधिलाई जैमिनी नगरपालिकाको नगर प्रमुख पशु परियोजना सम्बन्धी कार्यविधि, २०७७भनिने छ।

**घ०** यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

६। **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

ढ० “नगर सभा” भन्नाले जैमिनी नगरपालिकाको नगरसभालाई सम्झनु पर्नेछ।

ण० “कार्यपालिका” भन्नाले जैमिनी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्नेछ।

त० “प्रमुख” भन्नाले जैमिनी नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्नेछ।

थ० “उपप्रमुख” भन्नाले जैमिनी नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्नेछ।

द० “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

ध० “वडा अध्यक्ष” भन्नाले जैमिनी नगरपालिका भित्रका आ(आफ्नो वडाका वडा अध्यक्षहरु सम्झनु पर्नेछ।

न० “नगरपालिका” भन्नाले जैमिनी नगरपालिकालाई सम्झनु पर्दछ।

ऩ० परियोजना भन्नाले नगरपालिका अन्तर्गत कम्तिमा २५ घर भन्दा बढी कृषि पल्टनका सदस्य वा समूह वा सहकारीमार्फत संचालन गरिने पशुपालन सँग सम्बन्धित विस्तृत कार्यक्रम सम्झनु पर्दछ।

प० मूल्याँकन समितिभन्नाले दफा १० बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

फ० कार्यालय भन्नाले जैमिनि नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ब० पल्टन वा कृषि पल्टनभन्नाले पशु परियोजनाका सदस्यसमूहलाई सम्झनु पर्दछ। यस शब्दले प्रसँग अनुसार छरितो पल्टनलाई समेत सम्झनु पर्दछ।

भ० सशक्त सिपाही भन्नाले कृषि पल्टनमा कठोर पकृतिको काम गर्ने श्रमिक वा सदस्यलाई सम्झनु पर्दछ।

म० सम्मानित सिपाही भन्नाले कृषि पल्टनमा खटनपटन वा नीतिगत तथासरल प्रकृतिको काम गर्ने सदस्यलाई सम्झनु पर्दछ।

**७। उद्देश्य**

घ० रोजगारिको सृजना गर्ने।

ङ० दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाई आम्दानिको स्रोत वनाउने।

च० बेरोजगार तथा निर्वाहमूखी पशु पालनमा लागेका परम्परागत कृषकहरुलाई व्यवसायिकता तर्फ आकर्षण गर्दै आर्थिक विकास मार्फत समृद्धि हासिल गर्ने।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

### ८। परियोजना पल्टन गठन हुनु पर्ने

ठ) यो कार्यक्रम संचालन गर्दा कम्तिमा२५ घर रहेको पशु पल्टनका सम्मानित सिपाहिको सामूहिक सहभागिता हुनु पर्नेछ।

ड) कम्तिमा २५ घर रहेको पशु पल्टनका सम्मानित सिपाहीको सामूहिक निर्णय तथा प्रति व्यक्ति साझेदारिको हिस्सा पल्टनको सामूहिक सम्झौतामा उल्लेख हुनु पर्नेछ

ढ) पल्टनले पल्टन भेलाको दुई तिहाइ बहुमतले पल्टनको संयोजकचयन गर्नु पर्नेछ र निजको अवधि दुई तिहाइ सदस्यको समर्थन रहे सम्म बढीमा ५ वर्ष हुनेछ। भेलाले छरितो पल्टनको सचिव र कोषाध्यक्ष चयन गर्नेछ। पदिय मर्यादा अनुसार संयोजक, सचिव, कोषाध्यक्ष र सदस्यहरु संयोजक र भेलाप्रति उत्तरदायी हुनेछन्

ण) कार्यक्रम संचालनका लागि कृषि पल्टन नगरपालिकाको कार्यालयमा दर्ता भएको हुनु पर्नेछ।

त) कार्यक्रम संचालनका लागि कृषि पल्टनले विश्वसनीय ़**नगर प्रमुख पशु परियोजना प्रस्ताव** ़ नगरपालिकाले तोकेको समयमा पेस गर्नु पर्नेछ।

थ) कार्यक्रम संचालनका लागि नगरपालिकाको तर्फवाट वढिमा ६० प्रतिशत र पल्टनको तर्फवाट घटिमा ४० प्रतिशत लागत साझेदारी हुनु पर्नेछ।

द) गाई भैंसीको हकमा कम्तिमा ५० रोपनी जग्गा र सो जग्गामा घाँस खेति सहित एक गोठ /स्थानमा उन्नत नश्लको कम्तिमा २५ वटा गाई वा कम्तिमा २५ वटा भैंसी ,बाख्राको हकमा कम्तिमा ५० रोपनी जग्गा र सो जग्गामा घाँस खेति र ३ वटा वोयर बोका सहित एक खोरमा कम्तिमा १५० वटा माउ बाख्रा ,बंगुरको हकमा कम्तिमा १० रोपनी जग्गामा २ वटा बिर्य सहित एकै स्थानमा लागि ५० वटा माउ बंगुर , र कुखुराको हकमा १५ रोपनी जग्गा सहित कम्तिमा ५००० लेयर्स वा लोकल जातको कुखुरा हुनु पर्नेछ।

ध) पल्टनले प्राविधिक मापदण्ड अनुसारको गोठ वा खोर निर्माण गर्नु पर्नेछ।

न) नगरपालिकाले प्रत्येक वर्षको लागि सूचना प्रकाशन गरी छुट्टाछुट्टै वा सवै खालका पशु परियोजना संचालन गर्न सक्नेछ।

ऩ) पल्टनले उक्त परियोजना कम्तिमा १० वर्षको लागि संचालन गर्ने प्रतिवद्धता र परियोजनालाई फाइदामा संचालन गर्ने पुष्टी हुने कार्ययोजना पेशगर्नु पर्नेछ।

प) उक्त कार्यक्रम संचालनका लागि आवस्यक जग्गा कम्तिमा १० वर्षको लागि लिज वा भाडामा समेत लिन सकिनेछ।

### ५.छरितोपरियोजना पल्टन गठन गर्ने

५।१ पल्टनले परियोजनाको कामलाई प्रभावकारी र ब्यवस्थित वनाउनको लागि बढिमा ५ सदस्य रहेको एक छरितो पल्टनगठन गर्नु पर्नेछ।

५।२ पल्टनले छरितो पल्टनको संयोजक तोक्नेछ ।पल्टनको सचिव र पल्टनको कोषाध्यक्षका अतिरिक्त पल्टनका सदस्य मध्येवाट १ जना र नगरपालिकाले तोकेको परियोजना निरीक्षक पदेन गरी ५ जना सदस्य रहनेछन। पदेन सदस्यले दिएको राय पल्टनको लागि बाध्यकारी हुने छैन। पदेन सदस्यले पल्टनको दायित्व बेहोर्नु पर्ने छैन

५।३ छरितो पल्टनले गरेको लिखित संवाद नगरपालिकाको हकमा पल्टनको आधिकारिक निर्णय मानिनेछ।

५।४ छरितो पल्टनका संयोजकको दस्तखतलाई आधिकारिक मानिनेछ। संयोजक कारणवश नरहेमा अर्को ब्यवस्था नभए सम्मको लागि सचिव पदेन संयोजक भई कार्यसंचालन गर्नेछ। पल्टनवाट छरितो पल्टनको निर्णय अनुमोदन नभएमा संयोजक र छरितो पल्टनले परियोजनाको दायित्व तथा नगरपालिका सँगको कारोवारको जिम्मेवारी बहन गर्नु पर्नेछ

५।५ छरितो पल्टनका संयोजक र सचिवको योग्यता

- कम्तिमा १२ कक्षा उत्तिर्ण गरेको वा लेखपढ गरी हिसाव राख्न सक्ने।
- नरपालिका भित्र बसोवास गर्ने नेपाली नागरिक भएको हुनुपर्ने छ।
- पशु तथा कृषिका क्षेत्रमा कम्तिमा ५ दिनको व्यवसायिक प्रशिक्षण लिएको।
- उच्च मर्यादा र मनोवल भएको।
- नैतिक रुपमा समूहले पत्याएको।
- नगरपालिकाले आफ्नो अध्ययनवाट पूर्व निर्धारित गरेको अध्यक्ष हुन योग्यहरुको गोप्य सूचिमा परेको।

**६। अनुदानको सीमा र शर्तहरु**

क० नगरपालिकाले पल्टनको आवस्यकता अनुरुप अधिकतम रु १८०००००। सम्म आर्थिक अनुदान दिन सक्नेछ ।

ख० अनुदान प्राप्त गर्नको लागि अनुदानको दोब्वर वरावरको धितो दाखिला गर्नु पर्नेछ।

ग० धितो सम्बन्धि प्रावधान प्रचलित कानून बमोजिम हुनेछ। धितो नगरपालिकाले रोक्का राख्नेछ।

घ० न्यूनतम १० वर्ष परियोजना संचालन नभएमा वा पल्टनले पेश गरेको कार्ययोजना अनुसार संचालन नगरी नोक्सानीमा भएको नगरपालिकाको सामूहिक निरीक्षणवाट प्रमाणित भएमा वार्षिक १२ प्रतिशतका दरले ब्याज सहित नगरपालिकाले अनुदान दिने रकमर छरितो परियोजना पल्टन बाहेकका समूहका सदस्यहरुको लगानी समेतलाई एकमुष्ठ साँवा मानीछरितो परियोजना पल्टनका सदस्यहरुको धितोवाट साँवा ब्याज असुल उपर गर्नेछ। छरितो पल्टनका सदस्यहरुको धितो कमी भएमा पल्टनका अन्य सदस्यहरुको धितोवाट समेत असुल गर्नेछ। पल्टनको भेलाले कार्ययोजना फेरवदल गरेको भएमा नगरपालिकाले नोक्सानीको नगरपालिकाको हिस्सा वार्षिक १२ प्रतिशतका दरले ब्याज सहित पल्टनवाट असुल उपर गर्नेछ। भेलाले निर्णय गरेको अवस्थामा छरितो पल्टनका सदस्य मात्र दायित्वका लागि जिम्मेवार मानिने छैनन्।

ङ० ब्याजकोगणना नगरपालिका स्थित कुनै बाणिज्य वैंकले तत्काल प्रचलनमा ल्याएको शुत्रानुसार हुनेछ।

च० नगरपालिकाले अनुदान वा ब्याज मिनाहा गर्न सक्ने छैन तर १० वर्षको समग्र मूल्याँक गर्दा पल्टन फाइदामा संचालन भएमा नगरपालिकाले अनुदान र ब्याज मिनाहा गर्नेछ।

ज० नगरपालिकाले परियोजनाको लागि रकम थप गर्न सक्ने छैन।

**७।सशक्त सिपाही रहने**

पल्टनको भेलावाट स्वीकृत पारिश्रमिक र योग्यताको पालना गरी परियोजना संचालनका लागि छरितो पल्टनले २ जना सम्म सशक्त सिपाही नियुक्त गर्न सक्नेछ।

**८। प्रस्ताव आह्वान**

८।१ कार्यालयले परियोजना संचालनका लागि कम्तिमा १५ दिनको म्याद दिई अनुसूची १ बमोजिम आवेदनको लागि सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त सूचना कार्यालय तथा सवै वडा कार्यालयको सूचना पाटीमा टाँसेको हुनु पर्नेछ।

८।२ पल्टनले निवेदन पेश गर्दा अनुसूचि २ बमोजिमको ढाँचामा रु १० को टिकट सहित म्याद भित्रै पेश गर्नु पर्नेछ।

८।३ प्रस्ताव पेश गर्दा पल्टनले अनुसूचि ३ बमोजिमको ढाँचामा १० वर्षको अवधिमा फाइदामा संचालन गर्ने विश्वसनीय आधार सहित **नगर प्रमुख पशु परियोजना कार्यक्रम संचालन प्रस्ताव** पेश गर्नु पर्नेछ।

८।४ पल्टनको निरीक्षण, अनुगमन तथा मूल्याँकन पल्टनले पेश गरेको १० वर्षे कार्ययोजनाको आधारमा हुनेछ।

**९ पल्टन छनौट समिति रहने**

९।१ यस कार्यविधि अनुसार पल्टन मूल्याँकन समितिले सिफारिश गरेका आवेदनहरु मध्ये निर्धारित संख्यामा परियोजना छनौट गर्न देहाय बमोजिमको पल्टन छनौट समिति रहनेछ।

- नगर प्रमुख संयोजक
- नगर उपप्रमुख सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- आर्थिक विकास समिति संयोजक सदस्य
- आर्थिक विकास शाखा प्रमुख सदस्य सचिव

९।२ पेश भएका प्रस्तावहरु मध्ये आवस्यक संख्यामा छनौट गरी पल्टन छनौट समितिले सूचना सार्वजनिक गर्नेछ।

**१० पल्टन प्रस्ताव मूल्याँकन समिति रहने**

च० पेश भएका प्रस्ताव यस कार्यविधि वमोजिम तोकिएको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा मूल्याँकन गर्नको लागि देहाय बमोजिमको पल्टन प्रस्ताव मूल्याँकन समिति रहनेछ।

- प्रमुख प्रशासकीय अधिकृत संयोजक
- लेखा अधिकृत सदस्य
- कृषि शाखा प्रमुख सदस्य
- पशु शाखा प्रमुख सदस्य सचिव

छ० पल्टन प्रस्ताव मूल्याँकन समितिले मापदण्ड पूरा भएका आवेदनहरुको सूची तयार गरी पल्टन छनौट समितिलाई सिफारिश गर्नेछ।

ज० पल्टन प्रस्ताव मूल्याँकन समितिले अध्यक्ष र सचिव हुन योग्यपल्टन सदस्यवाट३ जना योग्यहरुको गोप्य सूचि तयार गर्नेछ।

झ० पल्टन प्रस्ताव मूल्याँकन समितिले प्राप्त प्रस्तावहरु मध्ये मापदण्ड पुगेका प्रस्तावहरुकोवास्तविकता पत्ता लगाउन आवस्यक देखेमा समिति वा कुनै कर्मचारी मार्फत् स्थलगत निरीक्षण गर्न सक्नेछ।

ञ० स्थलगत निरीक्षण गर्नु पर्नेमा निरीक्षण गरी प्रतिवेदन पेश भए पछि पल्टन प्रस्ताव मूल्याँकन समितिले अनूसुचि ५ बमोजिम मूल्याँकन गरी ७ दिन भित्र अन्तिम छनौटका लागि पल्टन छनौट समितिका संयोजकलाई पेश गर्नेछ ।

**११ सम्झौता**

११।१ पल्टन छनौट समितिवाट छनौट भएका पल्टनहरु सँग यस कार्यविधि बमोजिम सम्बन्धित शाखाले सम्झौताका लागि ७ दिन भित्र अनुसूची ४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

११।२ उपदफा १ बमोजिम ७ दिन सम्म छनौट भएको पल्टनले सम्झौता नगरेमा पल्टन छनौट समितिले अर्को पल्टन छनौट गर्नेछ।

११।३ सम्झौतामा यस कार्यविधि बमोजिम पालना गर्नु पर्ने शर्तहरु उल्लेख गर्नु पर्नेछ।

**१२पल्टनको खर्च र बजेट सम्बन्धि ब्यवस्था**

१२।१ यस कार्यविधि बमोजिम पल्टन संचालन गर्नका लागि नगरपालिकाले उपलब्ध गराएको रकम , पल्टनवाट प्राप्त हुने रकम र पल्टनको फाइदावाट संकलित रकमवाट परियोजनाको सम्पूर्ण खर्च बेहोर्नु पर्नेछ।

१२।२ परियोजना संचालन, अनुगमन, तालीम, आहारा विकास कार्यक्रम तथा औषधि उपचार , वीमातथा भ्याक्सिनेसन, विविध जस्ता संचालन खर्च शिर्षकमा पल्टनले आफ्नो वार्षिक आम्दानिको २० प्रतिशतमा नवढ्ने गरी कम्तिमा १० प्रतिशत रकम विनियोजन गर्नु पर्नेछ।

१२।३ कार्यालयवाट उपलब्ध गराउने अनुदान रकम जग्गा ब्यवस्थापन , भौतिक उपकरण, भौतिक निर्माण जस्ता कार्यमा २५ प्रतिशत भन्दा बढी खर्च गर्न पाइने छैन।

**१३ भुक्तानी**

१ सम्झौता भए पश्चात बढिमा ३ किस्तामा नगरपालिकावाट प्राप्त हुने रकम९पहिलो किस्ता बढिमा १ तिहाई पेश्की स्वरुप र बाँकी १ किस्ता कार्य प्रगतिका आधारमा तथा अन्तिम किस्ता कार्य सम्पन्न प्रतिवेदनकाआधारमा० भुक्तानी गरिनेछ।

२ भुक्तानी सम्बन्धी अन्य ब्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३ भुक्तानी गर्नु अघि परियोजना सहितको पशुको वीमा अनिवार्य गरेको हुनु पर्नेछ।

४ भुक्तानीका लागि पल्टनले अनुसूची ६ बमोजिमको प्रगति प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

५ नगरपालिका बाट प्राप्त हुने रकम पशु परियोजनाको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद ३
## कार्यक्रमको निरीक्षण,अनुगमन तथा मूल्याङकन व्यवस्था

**१४ पल्टन निरीक्षक खटाउने**

१४।१ कार्यालयले पल्टनको स्थिति , पल्टनको प्रभावकारिता , फाइदा वा घाटामा जान लागेको पल्टनको दिशा , व्यवसायिक कार्ययोजना अनुसारको प्रगति र भएगरेका कार्यहरु जस्ता समग्र पक्षहरुको माशिक निरीक्षणका लागि एक परियोजना निरीक्षक खटाउने छ।

१४।२ पल्टनले पेश गरेको व्यवसायिक कार्ययोजना अनुसार पल्टनको कार्यप्रगतिको नियमित अनुगमन गरी पल्टन र सामूहिक पल्टन निरीक्षण समितिलाई पल्टन निरीक्षकले अनुसूचि ७ बमोजिमको ढाँचामा प्रतिवेदन गर्नु पर्नेछ।

१४।३ पल्टन निरीक्षकको प्रतिवेदनको अध्ययन गरी समयमै उचित कदम चाल्नु परियोजना र सामूहिक पल्टन निरीक्षण समितिको कर्तव्य हुनेछ।

**१५ सामूहिक पल्टन निरीक्षण समिति रहने**

१५।१ पल्टन निरीक्षकको प्रतिवेदन तथा अन्य आवस्यक समयमा पल्टनको निरीक्षणका लागि देहाय बमोजिमको एक सामूहिक पल्टन निरीक्षण समिति रहनेछ। उक्त समितिमा देहायका सदस्य रहनेछन्।

- प्रमुख प्रशासकीय अधिकृत संयोजक
- आर्थिक विकास समितिको सदस्य सचिव सदस्य
- लेखा प्रमुख सदस्य सचिव

१५।२ सामूहिक पल्टन निरीक्षण समितीले यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिम पल्टनको नाफाघाटा र असुल उपरका विषयमा नगरपालिकालाई सुझाव दिनेछ।

## परिच्छेद ४
## विविध

१६ यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ र अस्पष्टता आएमा कार्यपालिकामा प्रस्ताव पेश गरी कार्यविधिको संशोधन गरिनेछ।

१७ नगरपालिकाका १० वटै वडामा कम्तिमा १ वटा नगर प्रमुख पशु परियोजना र नगर प्रमुख कृषि परियोजना कार्यान्वयन नहुँदा सम्म एकै वडामा एक भन्दा बढी परियोजना संचालन हुन सक्ने छैन।

१८ पल्टनलाई नगरपालिकाको वार्षिक कर तथा नियमानुसारको दर्ता तथा नवीकरण दस्तुर लाग्नेछ।

१९ पल्टनले व्यवसायिक कार्ययोजना पेश गर्दा वातावरणीय तथा जैविक सुरक्षाका प्रावधानहरु प्रचलित ऐन कानून बमोजिम अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

२० गाई पालनको पल्टन भएमा वृद्ध वा काम नलाग्ने गाई बाच्छाको उचित ब्यवस्थापनका लागि व्यवसायिक कार्ययोजनामा उल्लेख गर्नु पर्नेछ।

## अनुसुचि १
### दफा ८ को उपदफा १ सँग सम्बन्धित
### नगर प्रमख पशुपरियोजना सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

जैमिनी नगरपालिका

कुश्मीसेरा, बागलुङ

यस नगरपालिकाको आ.व. २०.../.... को वार्षिक स्विकृत कार्यक्रम अनुसार नगरप्रमुख पशु परियोयोजना सञ्चालन रहेको हुँदा इच्छुक कृषि पल्टन तर्फबाट दरखास्त आह्वान का लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिल बमोजिमको कागजात सहित १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन दिनुपर्नेछ

**आवश्यक कागजातहरू**

१. अनुसुचि २ वमोजिमको आवेदन फारम।

२. अनुसुचि ३ वमोजिमको व्यवशायिक परियोजना।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
४. स्थानिय तहमादर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. कर चुक्ता प्रमाणपत्र।
६. सम्बन्धित वडा अध्यक्षले सही गरेको वडाको सिफारिस।
७. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम ,शैक्षिक, योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) का प्रतिलिपिहरु।

## अनुसुचि २

**(दफा ८ उपदफा २ सँग सम्बन्धीत)**

**नगर प्रमुख पशु परियोजना सञ्चालनको लागि आवेदन पत्र**

| टिकट |
|---|

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
जैमिनी नगरपालिका, कुश्मीसेरा, बागलुङ।

**विषय - प्रस्ताव पेश गरेको सम्बन्धमा।**

**महोदय,**
उपरोक्त सम्बन्धमा हामीलाई जैमिनी नगरपालिकाको लागत साझेदारीमा परियोजना संचालन गर्न तिव्र इच्छा भएकोले निम्नानुसारका कागजात संलग्न राखि निवेदन गर्दछौ। अनुदान सहयोग प्राप्त भएमा तोकिएको सर्त र प्रक्रिया वमोजिम कार्य गर्नेछौ।

पुनश्च, तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखेकोव्यहोरा अनुरोध गर्दछौ।

**तपशिल**

१. अनुसुचि ३ अनुसारको व्यवसायिक परियोजना को प्राविधिक तथा आर्थिक प्रस्ताव
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. कृषि पल्टन दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. कर चुक्ता प्रमाणपत्र।
५. अन्य कागजात (तालिम, शैक्षिक योग्यताको प्रमाण पत्र जग्गा भाडाको सम्झौता पत्र आदि) का प्रतिलिपिहरु।
६. कृषि पल्टनका सम्मानित सिपाहिहरुको परियोजना छनैट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
७. सम्वन्धीत वडाको वडा अध्यक्षले गरेको वडाको सिफारिस ।

प्रस्ताव पेश गर्ने -
कृषि पल्टनको नाम -
ठेगाना -
दस्तखत - संस्थाको छाप -

## अनुसूची ३

**दफा ८ को उपदफा ३ संग सम्बन्धित**

**नगर प्रमुख पशु परियोजना संचालन प्रस्तावको ढाँचा**

कृषि पल्टनको नामः-
परियोजनाको नामः-
सम्पर्क नं.-
ठेगाना-
जिल्ला....................नगरपालिका...................... गाँउ/टोल........... वडा नं...........
फर्म संचालन गरिने स्थान-
१. परियोजनाको छोटो परिचय-
१.१ व्यवसायको प्रकारः

१.२ व्यवसायको सामान्य परिचयः

२. स्थानिय अर्थतन्त्रमा व्यवशायले पुर्याउन सक्ने योगदानः

३. बजार योजनाः

३.१ बस्तु/उत्पादनको  विवरणः

३.२ बजार क्षेत्र(उत्पादित वस्तु वितरण हुने क्षेत्र)-

३.३ दैनिक विक्री हुन सक्नेः-

४ उत्पादन योजनाः-

४.१ उत्पादन प्रक्रिया र उपकरण आवश्यकता -

४.२ स्थिर पुँजीको आवश्यकता

५. संचालन गरिने कार्य विवरण तथा लगानी श्रोतः

| क्र.स. | संचालन गरिने क्रियाकलापहरु | प्राप्त अनुदानबाट खर्च गरिने रकम | समुदायको लगानी रु. | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| **कुल जम्मा रकम रु.** | | | | |

६. फर्मको आर्थिक विवरण -

६.१ बार्षिक स्थिर खर्चको अनुमान -

६.२ वार्षिक चालु खर्चको अनुमान -

७. वित्तिय कार्य सम्पादन विश्लेषण -

७.१ वार्षिक नाफा नोक्सान विवरण -

७.२ लगानिमा प्रतिफल -

८. व्यवसायको सम्भाव्यता

९. १० वर्षको नगर प्रमुख पशु परियोजना प्रस्ताव पल्टनले आफै तयार गर्नु पर्नेछ। जसमा माशिक रुपमा प्रति वर्ष गरिने क्रियाकलाप, प्रतिवर्ष जम्मा हुने चालु तथा स्थिर पूँजी  , परियोजना संचालनका क्रममा बिक्रीवाट हुने आम्दानी  , माशिक तथा बार्षिक विक्री गर्ने लक्ष्य, परियोजनाको वार्षिक रुपमा कम्तिमा ५ प्रतिशतका दरले पूँजीमा आउने ह्रास कट्टीइत्यादी कुराहरु समष्टीगत रुपमा बुँदागत स्पष्ट खुलाई परियोजना १० वर्षको अवधिमा फाइदामा संचालन हुने सुनिश्चित गरेको हुनु पर्नेछ। कार्ययोजनामा भैपरी आउने संभावित सवै बाधा अड्चन समेत पहिचान गरी समाधानको लागि समेत उल्लेख गर्नु पर्नेछ। परियोजनाले पहिचान नगरेको बाधा अड्चन आएमा परियोजना नै जिम्मेवार हुनेछ।

**नोटयस अनुदानबाट खर्च भएर जाने सामाग्री जस्तै दाना तथा अन्य सामाग्री खरिद गर्न पाइने छैन।**

## अनुसुचि ४
## दफा ११ को उप दफा १ सँग सम्बन्धित
## परियोजना सञ्चालनको लागि गरिने सम्झौता-पत्र

जैमिनिनगरपालिकाबाट संचालन गरिने चालु आ.व . ............ को स्वीकृत नगरप्रमुख पशु परियोजना संचालन अन्तर्गत जैमिनी नगरपालिका (जसलाइ पहिलो पक्ष भनिने र छनौट भएका अनुदानग्राही कृषि पल्टन .............................. (जसलाइ दोस्रो पक्ष) बीच तपशिलका शर्तनामाहरुको अधिनमा रहि परियोजना सम्पन्न गर्न तपशिल अनुसार सेवा र सर्त पालना गर्ने दुवै पक्ष विच सम्झौता भएको छ।

**तपशिल**

१. पहिलो पक्षले दोस्रो पक्ष लाई परियोजना प्रस्तावित भए अनुसार कार्य सम्पन्न भएपछि बढीमा तीन किस्तामा दोस्रो पक्षको खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

२. परियोजना प्रस्तावित भए अनुसार कार्य गरे नगरेको बारे बिच -बिचमा पहिलो पक्षले सुपरिवेक्षण गरिदिएको सुझाव अनुसार दोस्रो पक्षले कार्य गर्नुपर्नेछ।

३. कार्य सम्पन्न प्रतिवेदन साथमा प्रथम पक्षको परामर्श तथा सहमति अनुसार दोस्रो पक्षले गुणस्तरिय सामानहरु खरिद गरी संस्थाको आम्दानी भएको दाखिला रिपोर्ट पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

४. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगला ई दोस्रो पक्षले कम्तीमा पनि १० वर्ष सम्म सम्झौता वमोजिम कार्य गर्नुपर्नेछ,त्यसो नगरेको पाइएमा निज वाट सो रकम असुल उपरको लागि प्रचलित कानुन वमोजिम आवश्यक कारवाही गरिने छ।

५. व्यवसाय वाट उत्पादित वस्तुको बजार व्यवस्था दोस्रो पक्षल स्वयंले नै गर्नु पर्नेछ।

६. पहिलो पक्षले व्यवसायको नियमित रुपमा अनुगमन गर्नेछ।

७. व्यवसायीले प्रत्येक ४ -४ महिना मा प्रगति अनुदान उपलब्ध गराउने कार्यालयलाई नियमित रुपमा बुझाउनु पर्नेछ।

८. दोस्रो पक्षले प्रस्ताव बमोजिम प्राप्त अनुदान को रकम खर्च गरेको ठांउमा अनुदान उपलब्ध गराउने कार्यालयको नाम सहित लेख्नु पर्नेछ।

९. यस सम्झौतामा उल्लेखित कार्य गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पुर्ण जिम्वेवारी दोस्रो पक्ष स्वयंमा रहनेछ।

१०. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

**प्रथम पक्ष** **दोस्रो पक्ष**

दस्तखतः दस्तखतः

नामः नामः

पदः पदः

कार्यालयको नामः कार्यालयको छाप

मितिः मितिः

## अनुसुचि ५
## दफा १० को उपदफा ५ सँग सम्बन्धित

परियोजना संचालनका लागि फर्म छनौट गर्दा अपनाइने मुल्याकंनका आधारहरु

| क्र.स. | मुल्याकंनका आधारहरु | पुर्णाङ्क | प्राप्त अंक |
|---|---|---|---|
| १ | भौगोलिक बनौट ९विजुली सडक बजार० | २० | |
| २ | जग्गाको उपलब्धता | १० | |
| ३ | जनशक्तिको उपलब्धत | १० | |
| ४ | लगानी गर्न सक्ने क्षमता | १० | |
| ५ | तालिम प्राप्त प्राविधिक जनशक्ति | १० | |
| ६ | बजारको सुनिश्चितता | १० | |
| ७ | वातावरणिय प्रभावकारीता | १० | |
| ८ | घाँसको उपलब्धता | १० | |
| ९ | १० बर्षे कार्ययोजना | १० | |
| | **जम्मा अंक** | **१००** | |

## अनुसुचि ६
## दफा १३ को उपदफा ४ संग सम्वन्धित
## पल्टनको प्रगति प्रतिवेदन

**स्थानिय तहको नामः-** **कृषि पल्टनको नाम -**

**ठेगाना -**

| क्र.स. | क्रियाकलाप | आम्दानी | खर्च रकम | मुनाफा | लक्ष्य | | प्राप्ति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गत महिना | यस महिना | गत महिना | यस महिना | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

**अनुसुचि ७**
**दफा १४ को उपदफा २ संग सम्वन्धित**
**पल्टन निरीक्षकको निरीक्षण प्रतिवेदन**

स्थानिय तहको नामः- कृषि पल्टनको नाम –

निरीक्षकको नामस( निरीक्षण गरेको मिति स(

ठेगाना –

| क्र.स. | १० वर्षे कार्ययोजना अनुसार गर्नुपर्ने क्रियाकलापहरु | कार्य सम्पन्न गर्नु पर्ने मिति | खर्च रकम | प्रगति | | पल्टनको स्थिति | | कारण | निरीक्षकले दिएका सुझावहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत महिना | यस महिना | सकारात्मक | नकारात्मक | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

माथी उल्लिखित विषयमा थप प्रष्ट पार्नु पर्ने भएमा निरीक्षकले बुँदागत रुपमा उल्लेख गर्नु पर्ने।

१। ‘‘
२। ‘।
३। ‘।

आज्ञाले
ज्ञानराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत